**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

**कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण**

**मिति: २०७७/१/२९**

१. कावासोती नगरपालिका बाट व्यवस्थापन गरिएको क्वारेन्टाइनमा मिति २०७६/१२/२६ देखि २०७७/१/२२ सम्म पालिकामा विदेशबाट आएका र शंकास्पद व्यक्तीलाई क्वारेन्टाइनमा राख्दा भएको खाना खाजा खर्च अनुमोदन गरि भुक्तानी दिने निर्णय गरियो ।

**खर्च विवरण:**

- **विल नं. २८३- आकृति किराना पसल - कुल जम्मा रकम २०,५८०।–**

२. कावासोती नगरपालिका बाट कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि व्यवस्थापन गरिएको क्वारेन्टाइन(कुमारी शैक्षिक गुठी का.न.पा. ३) मा यस कोरोना महामारीको समयमा पालिका भित्र शंकास्पद र बाहिर बाट आएका व्यक्तीहरुलाई क्वारेन्टाइनमा राख्दा खाना खाजा पकाउनका लागि कावासोती नगरपालिका वडा नं. १ निवासी टोप बहादुर वि.क.लाई खटाइएकोमा निजले यहि मिति २०७७/१/1 देखि २०७७/१/२२ गते सम्म काम गरेको हुनाले दैनिकि ज्यालाको रुपमा प्रति दिन रु ६००।- का दरले कुल २२ दिनको जम्मा रु १३२००।–को नियमानुसार कर कट्टा गरि भुक्तानी दिने निर्णय गरियो ।

३. एम्बुलेन्सको खर्च भुक्तानीको लागि कावासोती नगरपालिका विपत व्यवस्थापन समितिको निर्णयानुसार सम्पूर्ण कागजात समावेश गरि वडाको सिफारिस सहित विल भरपाई पेश भएमा नियमानुसार भुक्तानी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४. यस कावासोती नगरपालिका विपत व्यवस्थापन समितिको मिति २०७६/१२/२४ गतेको बैठकको निर्णयानुसार वडा नं २ को वडा कार्यालय बाट न.पा.को राहत मापदण्ड अनुसार ४५ प्याकेज खरिद गर्ने र मिति २०७७/१/३ गतेको निर्णयानुसार वडा नं ८ बाट ५० प्याकेज वडा कार्यालय बाट खरिद भइ वितरण भएको र बाकि ९९ न.पा.को मापदण्ड अनुसारको राहत प्याकेज सो वडालाई उपलब्ध गराउने उल्लेख भएकोले वडा नं २ को ४५ प्याकेज र वडा नं ८ को ५० प्याकेजको भुक्तानी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।